# राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सूचना

**मितिः२०७९।०९।०८**

प्रदेश तथा स्थानीय तहमा वित्तीय समानीकरण अनुदान सिफारिस गर्दा आयोगले प्रदेश र स्थानीय तहको कार्यसम्पादनलाई समेत आधार लिने व्यवस्था गरि सो का लागि प्रदेश तथा स्थानीय तहका लागि सूचकहरुको व्यवस्था गरेको छ। सूचकहरुको मूल्यांकनका लागि आयोगले प्रदेश तथा स्थानीय तहको कार्यसम्पादन मूल्यांकन कार्यविधि, २०७८ जारी गरेको छ। सो कार्यविधीमा आयोगको मिति २०७९।०९।०६ को निर्णयानुसार संशोधन गरिएकोले संशोधित व्यवस्था सरोकारवाला सवैको जानकारीको लागि प्रकाशित गरिएको व्यहोरा अनुरोध छ।

# <u>प्रदेश तथा स्थानीय तहको कार्यसम्पादन मुल्याकन कार्यविधि, २०७८</u>
# <u>पहिलो संशोधन, २०७९</u>

१. **<u>अनुसुची २ को क्रमसंख्या १ मा संशोधनः</u>** अनुसूची २ को क्रमसंख्या १ मा गाउँसभा पछि रहेको "र" शब्दको सट्टा "वा" शब्द राखिएको छ। यसैगरी अनुसुचि २ को क्रमसंख्या २ मा गाउँसभा पछि रहेको "र" शब्दको सट्टा वा शब्द राखिएको छ।

२. **<u>अनुसुची २ को क्रमसंख्या २ मा संशोधनः</u>** अनुसुचि २ को क्रमसंख्या २ मा रहेको "प्रत्येक वर्षको असार १० गतेभित्र" भन्ने वाक्यांश झिकिएको छ।

३. **<u>अनुसुची ३ को क्रमसंख्या ५ को ख मा</u> संशोधनः** अनुसुची २ को क्रमसंख्या ५ को (ख) मा देहाय बमोजिम स्पष्टीकरण थप गरिएको छ।
(स्पस्टीकरणः "औसत राजश्व बृद्धिदर २० प्रतिशत भन्दा बढी भए पनि औसत प्रतिशत गणनाको लागि २० प्रतिशत नै कायम गरि गणना गरिनेछ।")

४. **<u>अनुसुची ४ को क्रमसंख्या १ मा संशोधनः</u>** अनुसुची ४ को क्रमसंख्या १ मा गाउँसभापछि रहेको "र" शब्दको सट्टा "वा" शब्द राखिएको छ।

५. **<u>अनुसूची ४ को क्रमसंख्या २ मा संशोधनः</u>** अनुसुची ४ को क्रमसंख्या २ मा "प्रत्येक वर्षको असार १० गतेभित्र" भन्ने वाक्यंश झिकिएको छ र गाउँसभापछि रहेको "र" शब्दको सट्टा "वा" शब्द राखिएको छ। यसैगरी "प्रत्येक वर्षको असार १० गतेभित्र पेश गरि" भन्ने वाक्यांश झिकिएको छ।

६. **<u>अनुसूची ४ को क्रमसंख्या ६ को ख मा संशोधनः</u>** अनुसूची ४ को क्रमसंख्या ६ को (ख) मा देहाय बमोजिम स्पष्टीकरण थप गरिएको छ।
(स्पष्टीकरणः "औसत राजश्व बृद्धिदर २० प्रतिशत भन्दा बढी भए पनि औसत प्रतिशत गणनाको लागि २० प्रतिशत नै कायम गरि गणना गरिने छ।")